आज मिति २०७७ साल श्रावण ७ गते बुधवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| का.वा.अध्यक्ष, व्यास ११ | श्री रामकृष्ण अधिकारी | उपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| बरिष्ठ आ.ले.प. अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| वरिष्ठ इन्जिनियर | श्री राजु पौडेल | उपस्थित |
| वरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: अत्यावश्यक भौतिक पूर्वाधारहरुको मर्मत सम्भार तथा पुनर्निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.२: आ.व.२०७६।०७७ मा सञ्चालित योजनाहरुको प्रगति सम्बन्धमा ।
प्रस्ताव नं.३: विद्यालयबाट क्वारेन्टिन स्थानान्तरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४: विद्यालय सञ्चालन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: भरण पोषण वापतको रकम उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.६: कृषि क्षेत्रसँग सम्बन्धित व्यवसायको बिमा गराउने सम्बन्धमा ।
प्रस्ताव नं.७: विभिन्न कार्यविधि पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८: शिक्षक सरुवा सम्बन्धमा ।
प्रस्ताव नं.९: नगर विकास कोषमा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: भवन मर्मत सम्बन्धमा ।
प्रस्ताव नं.११: विद्यालय गाभ्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: जिल्ला दररेट स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.१३: सौर्य उर्जा जडान सम्बन्धमा ।
प्रस्ताव नं.१४: परामर्शदाता छनौट सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा हालै आएको बाढी पहिरोको कारण व्यास नगरपालिका अन्तरगतका सबै वडाहरुमा भएका प्राकृतिक प्रकोपको लगत लिई खानेपानी, विद्युत, स्वास्थ्य संस्था, जोखिममा परेका परिवारहरुको आवास, सम्पूर्ण वडाका मुख्य सडकहरु र कुला तथा नहरहरु लगायत अत्यावश्यक पूर्वाधारहरु तत्काल मर्मत सम्भार तथा पुनःनिर्माणको आवश्यक व्यवस्था मिलाउन हुन सम्पूर्ण वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो । साथै आवश्यकता र औचित्यको आधारमा वडा समितिको निर्णयद्वारा आर्थिक वर्ष २०७७।०७८ को लागि विनियोजित वडा बजेट तथा कार्यक्रमबाट कार्यक्रम संशोधनका लागि नगर प्रमुखज्यू समक्ष सिफारिस पेश गरी बजेटको व्यवस्था गर्न वडा कार्यालयलाई निर्देशन समेत दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७६।०७७ मा सञ्चालित योजनाहरुको वार्षिक प्रगति विवरण वारे समिक्षा गर्दै चालु आर्थिक वर्ष २०७७।०७८ को योजनाहरु सञ्चालन गर्ने सम्बन्धमा आगामी बैठकमा वार्षिक कार्यतालिका पेश गर्ने गरी कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा हाल यस नगरपालिका भित्रका विभिन्न सामुदायिक विद्यालयहरुमा रहेका क्वारेन्टिनहरुलाई यथाशक्य अन्य सार्वजनिक भवनहरु लगायत अन्य वैकल्पिक स्थानहरुमा स्थानान्तरण गर्ने व्यवस्था मिलाई श्रावण १५ गते भित्र विद्यालयको क्वारेन्टिन खाली गराउने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका सामुदायिक र संस्थागत विद्यालयहरुमा कार्यरत शिक्षक कर्मचारीहरुलाई २०७७ श्रावण १५ गतेदेखि आ-आफ्नो विद्यालयमा नियमित हाजिर भई विद्यालय सञ्चालनको तयारीमा लाग्न निर्देशन दिने निर्णय गरियो । साथै विद्यालयमा पढाई सञ्चालन गर्ने सम्बन्धमा आगामी बैठकमा निर्णय लिने समेत निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं १० का निर्वाचित सदस्य स्वर्गीय हेमराज पोखेलको कार्यालयमै बैठक हुँदा हुँदै हृदयघात भई दुःखद निधन भएकाले उहाँको काजकृया खर्च वापत रु.१,००,०००। (एक लाख) यस अघिनै उहाँको परिवारलाई उपलब्ध गराइएकोमा जनप्रतिनिधिको रुपमा आफ्नो पदिय दायित्व निर्वाह गरिरहे कै अवस्थामा उहाँको निधन भएकोले उहाँको परिवारको भरण पोषणको लागि प्रदेश ऐन अनुसार जीवन बिमा प्राप्त गर्न सम्भव नदेखिएकाले पारिवारिक भरण पोषणका

लागि स्व. हेमराज पोखेलको श्रीमती रुकादेवी घिमिरेलाई थप रु.४,००,०००। (चार लाख) सहयोग स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा कृषि तथा पशुपंक्षी, माछा व्यवसायीहरुको व्यवसायिक जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यका साथ व्यवसायीहरुले यस नगरपालिकामा फर्म दर्ता र नवीकरण गर्दा अनिवार्य रुपमा सम्बन्धित व्यवसायको बिमा गरेर मात्र दर्ता तथा नवीकरण गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा तपसिल अनुसारका कार्यविधिहरु संशोधन सहित पारित गर्ने निर्णय गरियो ।
(क) व्यास नगरपालिका विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७७
(ख) व्यास नगरपालिका मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७७

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्रका विद्यालयमा कार्यरत तपसिल बमोजिमको तह र श्रेणीको शिक्षकलाई देहाय बमोजिम हुने गरी सरुवा गर्ने निर्णय गरियो ।

| क.सं. | शिक्षकको नाम, थर | कार्यरत विद्यालयको नाम | सरुवा भएको विद्यालय | तह र श्रेणी |
|---|---|---|---|---|
| १. | श्री महमद मियाँ<br>संकेत नं.१६४६८१ | जनजुक्त शाही मा.वि व्यास ५ | श्री बाल मन्दिर मा.वि. व्यास २ | नि.मा.वि. तृतीय, विज्ञान विषय |

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा नगर विकास कोषको मिति २०७७।३।२९ च.नं.११५२/०७६।०७७ को पत्र अनुसार नगरपालिकाहरुको सम्भाव्य आयोजनाहरुको सूचीकरण प्रस्ताव माग भएकोमा त्यस्ता प्रस्तावहरु सूचीकरणका लागि निम्नानुसार पेश गर्ने निर्णय गरियो ।
(क) नगरपालिका परिशरमा बहुउद्देश्यीय व्यवसायिक भवन निर्माण: विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार भइसकेको ।
(ख) व्यास नगरपालिका वडा नं.१२ अन्तर्गत छिर्कने कर्लुङ छाब्दी कुलुङ केशवटार मोटर मार्ग: विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार भइसकेको ।
(ग) व्यास नगरपालिका एकीकृत कृषिका लागि गुरु योजना निर्माण (Vyas Integrated Agricultural Master Plan) गर्ने ।
(घ) व्यास ५ मानुङ-ऋषिङ गाउँपालिका वडा नं.१ काहुँडाँडा बञ्जीजम्प सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने ।
(ङ) तनहुँको व्यास नगरपालिका वडा नं.१४ बाट देवघाट गाउँपालिका वडा नं.२ र १ हुँदै पूर्वी नवलपरासी गैडाकोट नगरपालिका जोड्ने द्रुत मार्ग सम्भाव्यता अध्ययन गरी विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. ५ स्थित सिन्धु आमा समूहको भवनमा निशुल्क (विना भाडा) रुपमा व्यास नगरपालिका वडा नं.५ को वडा कार्यालय लगातार ३ वर्षसम्म सञ्चालन भएको र हाल वडा कार्यालय आफ्नौ भवनमा सरिसकेको हुँदा उक्त आमा समूहको भवन मर्मत सम्भार गर्ने कार्यका लागि लागत इष्टिमेट अनुसार रु.१,३९,६००। मर्मत सम्भार कोषबाट खर्च गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुको विद्यार्थी संख्यालाई आधारमानी गाभ्न चाहने सामुदायिक विद्यालयहरुले विद्यालयको निवेदन, सम्बन्धित वडा कार्यालयको सिफारिस, अनुमगन प्रतिवेदन, नगर शिक्षा समितिको निर्णय सहित विद्यालय गाभ्ने प्रस्ताव आगामी नगर कार्यपालिकाको बैठकमा पेश गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२**: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०७७।०७८ को जिल्ला दररेटलाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३**: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.९ स्थित गजुरे स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना गरिएकोमा सो क्षेत्रमा विद्युत आपूर्ति नियमित हुन नसक्दा परीक्षण कार्य प्रभावित हुन सक्ने भएको हुँदा प्रयोगशालाको कार्य प्रकृतिलाई मध्यनजर गरी विद्युत आपूर्तिको वैकल्पिक व्यवस्थाका लागि नवीकरणीय उर्जा कार्यक्रम अन्तर्गत सशर्त अनुदानतर्फ प्राप्त रकमबाट सौर्य उर्जा जडान गर्ने कार्यका लागि आगामी बैठकमा प्रस्ताव पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१४**: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको अन्तर्राष्ट्रिय सम्बन्ध प्रवर्द्धनको लागि सम्पूर्ण करहरु सहित वार्षिक रु.१,५०,०००। (एक लाख पचास हजार) परामर्श सेवा शुल्क उपलब्ध गराउने गरी Integrated Resource Centre Pvt. काठमाण्डौ नेपालसँग नियमानुसार सम्झौता गरी अन्तर्राष्ट्रिय सम्बन्ध प्रवर्द्धनको कार्य अगाडि बढाउने निर्णय गरियो ।